आकाशवाणी खरसाङ
प्रादेशिक समाचारः नेपाली
०६ जून २०२४
१८:५० – १९:०० बजे

<u>प्रमुख समाचार</u>

१. भाजपाको वरिष्ठ नेता नरेन्द्र मोदीले आज लगातार तेस्रो पटक प्रधान मंत्री पदको लागि शपथ ग्रहण गर्नुभयो।

२. शिक्षा मंत्रालयले राष्ट्रीय मेडिकल स्नातक प्रवेश परीक्षा-नीटको १५ सय भन्दा अधिक उम्मीदवारहरुलाई कृपांक दिइने कुरोमाथि समीक्षा गर्नको लागि एउटा पैनल गठित गरको छ।

३. राज्यको मुख्यमंत्री ममता ब्यानर्जीले आदिवासीहरु बीच भगवानको रुपमा पुजा गरिने बिरसा मुंडालाई उहाँको पुण्यतिथिको अवसरमा श्रद्धांजलि दिनुभएको छ।

४. भारतीय गोर्खाहरूको सबैभन्दा पुरानो सामाजिक र साहित्यिक संस्था गोर्खा जनपुस्ताकालय खरसाङको वार्षिक साधारण सभा साथै नयाँ कार्यकारिणी समिति गठन गरिएको छ।

५. मौसम विभागले उप-हिमालय पश्चिम बंगाल अनि सिक्किम लगायत अन्य उत्तर पूर्वी राज्यहरुमा आगामी ७ दिनसम्म गरजन साथ हल्कादेखि मध्यम वर्षा हुन सक्ने अनुमान व्यक्त गरेको छ।

<u>प्रधानमन्त्री शपथ ग्रहण</u>

भाजपाका बरिष्ठ नेता नरेन्द्र मोदीले आज लगातार तेस्रो पटक प्रधानमन्त्रीको सपथ लिनु भयो। राष्ट्रपति द्रौपदी मुर्मुले राष्ट्रपति भवनमा नरेन्द्र मोदीलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो अनि देशको पहिलो प्रधानमन्त्री जवाहरलाल नेहरू पछि नरेन्द्र मोदी लगातार तेस्रोपल्ट निर्वाचित हुने प्रधानमन्त्री बनिनु भएको छ। श्री मोदीसितै राजनाथ सिंह, अमित शाह, नितीन गडकरी, जगत प्रकाश नड्डा, शिवराज चौहान, श्रीमती सीतारमण, डा. सुब्रमण्यम जयशंकर, मनोहर लाल आदिलाई पनि राष्ट्रपतिले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनु भयो।। स्मरण रहोस, गत शुक्रबार श्री मोदीले राष्ट्रपति द्रौपदी मुर्मुलाई भेटेर सरकार गठनको दाबी गर्नु भएको थियो। भारतीय जनता पार्टीका अध्यक्ष जगत प्रकाश नड्डाको नेतृत्वमा राष्ट्रिय प्रजातान्त्रिक गठबन्धन (एनडीए) प्रतिनिधिमण्डलले राष्ट्रपतिलाई भेटेर श्री मोदीलाई बीजेपी संसदीय दलको नेताको रूपमा चयन गरेको पत्र बुझाएका थिए। राष्ट्रपतिलाई एनडीएका गठबन्धनको समर्थन पत्र पनि हस्तान्तरण गरिएको थियो। आजको सपथ ग्रहण समारोहमा छिमेकी देशका नेताहरुले पनि निमन्त्रणालाई स्वीकार गरेर यस समारोहमा सामेल भएका छन् जसमा श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिङ्घे, माल्दिभ्सका राष्ट्रपति डा मोहम्मद मुइज्जु, सेशेल्सका उपराष्ट्रपति अहमद अफिफ, बंगलादेशकी प्रधानमन्त्री शेख हसिना, मरिससका प्रधानमन्त्री प्रविन्दकुमार जगन्नाथ, नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अनि भुटानका प्रधानमन्त्री छिरिङ सामेल छन्।

****** ० ******

एनटीए-एनईईटी यूजी

शिक्षा मंत्रालयले राष्ट्रीय मेडिकल स्नातक प्रवेश परीक्षा-नीटको १५ सय भन्दा अधिक उम्मीदवारहरुलाई कृपांक दिइने कुरोमाथि समीक्षा गर्नको लागि एउटा पैनल गठित गरको छ। राष्ट्रीय परीक्षा एजेंसी-एनटीएको महानिदेशक सुबोध कुमार सिंहले बताए अनुसार पैनलको अध्यक्षता संघ लोक सेवा आयोगको पूर्व अध्यक्षले गर्नुहुनेछ। यस समितिले एक सप्ताह भित्र सिफारिश दिनेछ अनि अभ्यार्थीहरुको परिणामको समीक्षा पनि समितिले गर्न सक्नेछ। मेडिकल अनि डेंटल प्रवेश परीक्षाको परिणाम गत ४ जूनमा घोषित गरिएको थियो। धेरै प्रत्याशीले विभिन्न मुद्दाहरु उठाउँदै फेरि परीक्षा लिने मांग गरेका थिए। धेरै आवेदकले न्यायलयमा पनि मामला दर्ता गरेका छनू। नीटको लागि २४ लाख भन्दा अधिक विद्यार्थीहरुले पंजीकरण गराएका थिए अनि ९७ प्रतिशत उम्मीदवारले परीक्षा दिएका थिए।

****** ० ******

<u>ममता-बिरसा मुंडा</u>

राज्यका मुख्यमंत्री ममता ब्यानर्जीले आदिवासीहरु बीच भगवानको रुपमा पुजा गरिने बिरसा मुंडालाई उहाँको पुण्यतिथिको अवसरमा श्रद्धांजलि दिनुभएको छ। आज मुख्यमंत्रीले सामाजिक संजाल एक्समा बिरसा मुण्डाको निडर देशभक्ति, अन्याय विरुद्ध लड्ने मानसिकता हाम्रो प्रेरणा हो भनी लेख्नुभएको छ। मुख्यमंत्रीले उहाँको नेतृत्व रहेको सरकारले प्रति वर्ष यस अवसरमा राज्य अवकाश दिने कुरो पनि बताउनु भयो। १५ नवम्बर १८ सय ७५ मा जन्म लिनुभएका बिरसा मुंडा ब्रिटिश राजको अवधि एक भारतीय आदिवासी स्वतंत्रता सेनानी अनि मुंडा जनजातिको लोक नायक हुनुहुन्थ्यो। नौ जून १९०० मा उहाँले आफ्नो प्राणको बलिदान दिनुभएको थियो।

****** ० ******

## तृणमूल-जश्न

राज्यका सत्तारूढ़ तृणमूल कांग्रेसले, लोकसभा चुनावमा प्राप्त भएको असल जीतको खुशि, आगामी महिना २१ जुलाईको दिन शहीद दिवसको अवसरमा मनाउने घोषणा गरेको छ। पार्टीले यस पटक २०१६ को लोकसभा चुनावको तुलनामा ठूलो सफलता प्राप्त गरेको छ। उहाँले आज सोशल मीडियामा गर्नुभएको पोस्ट मार्फत मानिसहरुलाई धन्यवाद दिँदै २१ जुलाई शहीद दिवसको दिन यस जीतको खुशि मनाउने घोषणा गर्नुभयो। उहाँले तृणमूल कांग्रेस को निर्वाचित महिला सांसदहरुको संख्या ३८ प्रतिशत रहेको गर्वको कुरो रहेको बताउँदै यो महिला सशक्तिकरणको प्रतीक रहेको बताउनुभयो। यसको साथै मुख्यमंत्रीले लगातार तेस्रो पटक केंद्रको सत्तामा आएको एनडीए सरकारसित एन.आर.सी-लाई रद्द गर्ने सुझाउ पनि दिनु भएको छ।

****** ० ******

## पश्चिम बंगाल-गिरफ्तारी

पश्चिम बंगाल पुलिसले बांग्लादेशको अवामी लीग पार्टीका सांसद अनवारुल अजीम अनारको हत्याको मामलामा अझ एक अभियुक्तलाई गिरफ्तार गरेको छ। गिरफ्तार व्यक्तिलाई पुलिसले बांग्लादेश सीमा नजिक उत्तरी २४ परगना जिल्लाको बनगांवमा गिरफ्तार गरेको हो। अभियुक्त व्यक्ति मूल रूपले बांग्लादेशको भोला जिल्लाको बुरहानुद्दीनको रहेको बताइएको छ जो श्री अनवारुलको मृत्यु पछि नेपाल भागेको पनि बताइएको छ। श्री अनवारुललाई गत सप्ताह कोलकाताको एउटा फ्लैटमा मृत पाइएको थियो। यस मामलामा बांग्लादेशको कथित आप्रवासी जिहाद हवलदारलाई अघिबाटै गिरफ्तार गरिसकिएको छ। यद्धपि मामलाको मुख्य अभियुक्त हालमा पनि पक्राउमा नआएको अनि उसको गिरफ्तारीको लागि इंटरपोलको सहायता लिइएको पनि खबर प्राप्त भएको छ।

****** ० ******

## गंगारामपुर- विरोध

दक्षिण दिनाजपुर जिल्लाको तृणमूल कंग्रेस संचालित गंगारामपुर नगर पालिका विरुद्ध, क्षेत्रमा विध्युत अनि पेयजल सेवा बंद गरेको आरोप लगाउँदै आज गंगारामपुरमा भारतीय जनता पार्टी (भाजपा)-ले राष्ट्रीय राजमार्ग जाम गरी विरोध प्रदर्शन गर्यो। भाजपा को जिलाध्यक्ष प्रदीप सरकारको नेतृत्वमा यो प्रदर्शन गर्दै, भाजपाले शिघ्र-अतिशिघ्र विध्युत अनि पेयजल परिसेवा शुरू गर्ने मांग गरेको छ। उल्लेखनीय छ हालै सम्पन्न भएको लोकसभा चुनाउमा बालुरघाट लोकसभा सीटदेखि भाजपा प्रदेश अध्यक्ष सुकांत मजूमदारको जीत भएको थियो जबकि तृणमूल कंग्रेस उम्मीदवार बिप्लब मित्राको हार भएको थियो, जसकारण तृणमूल कंग्रेसले विध्युत अनि पेयजल सेवा बंद गरिदिएको भाजपाले आरोप लगाएको छ। शहर भरीमा पेयजल सेवा अनि स्ट्रीट लाइट चालू गर्ने मांगलाई लिएर भाजपाले गंगारामपुर चौपथीमा राष्ट्रीय राजमार्गलाई जाम गरी प्रदर्शन गरेको हो। लगभग ३० मिनट सम्म चलेको यस विरोध प्रदर्शनको कारण भयंकर जाम लागेको बताइएको छ।

****** ० ******

## गोर्खा जन पुस्ताकालय

भारतीय गोर्खाहरूको सबैभन्दा पुरानो सामाजिक र साहित्यिक संस्था गोर्खा जनपुस्ताकालय खरसाङको वार्षिक साधारण सभा साथै नयाँ कार्यकारिणी समिति गठन गरिएको छ। उक्त वार्षिक साधारण सभा पुस्तकालयको अध्यक्ष पूर्ण गुरुङ निरुपमको अध्यक्षता अनि सचिव विनोद रसाइलीको सञ्चालनमा सम्पन्न भएको छ। सभामा गोर्खा जनपुस्ताकालय खरसाङको संस्थापक सदस्यहरू साथै दिवंगत भएका सदस्यहरूलाई श्रध्दाञ्जली अर्पण अर्पण गर्दै मौनधारण गरियो। वार्षिक साधारण सभामा मूल सचिव विनोद रसाइलीले वर्ष २०१६ देखि २०२४ को सचिवको प्रतिवेदन प्रस्तुत गर्नु भयो। त्यसरी नै पुस्तकालयको कोषाध्यक्ष निरङ्कर थापाले पुस्तकालयको आय व्ययको हर हिसाब सुनाउनु भयो। सभामा पुस्तकालयको आजीवन सदस्यहरू ब्रिगेन गुरुङ, आशा मुखिया लामा, सजित खाईबा आदिले सल्लाह सुझावको साथमा वक्तव्य राखेका थिए। सभामा सभाध्यक्ष पूर्ण गुरुङ निरुपमले अध्यक्षीय सम्बोधनमा पुस्तकालयको पाँच वर्षको क्रियाकलापहरू र कार्यक्रमहरू विषयमा विस्तृत रुपमा जानकारी गराउनु हुदै पुरानो कार्यकारी समिति विघटन गरिएको घोषणा पनि गर्नु भयो। सभाको उत्तरार्ध्दमा चुनाव अधिकारी अधिवक्ता मनिकचन्द्र प्रधान र पूर्व प्रधान अध्यापक भीमबहादुर छेत्रीद्वारा गोर्खा जन पुस्ताकालय खरसाङको १७ जना नव निर्वाचित सदस्यहरूलाई प्रमाण पत्र प्रदान गर्दै स्वागत गरे।

****** ० ******

बिमल गुरुङ मिरिक भ्रमण

गोर्खा जनमुक्ति मोर्चा केन्द्रीय अध्यक्ष बिमल गुरूङ आगमी १६ जूनदेखि मिरिकको भ्रमण गर्ने जानकारी मोर्चा केन्द्रीय सह सचिव बिनोद खालिङ अनि मिरिक महकुमा अध्यक्ष रूपेस राईले दिएका छन्। उनीहरूले मोर्चा अध्यक्ष बिमल गुरूङले मिरिक भ्रमण अवधि मिरिकको विभिन्न गाउँ बस्तीको भ्रमण गरि जनताको अभाव र समस्या बुझ्ने बताएका छन्। यसैबीच आज नै गोजमुमो मिरिक महकुमा समितिले पार्टी कार्यालयमा एउटा सभा गरेर लोक सभा चुनाउमा राजू विष्टको पक्षमा मतदान गर्ने मतदाताहरूप्रति आभार पनि प्रकट गरे।

****** ० ******

सडक जिर्नोधार

तकदाह टिस्टा भ्याली समष्टि अन्तर्गत टिष्टा भ्याली अप्पर कमजेटको सडकको अवस्था जीर्ण बनेको थियो। लामो समयदेखि सडकको अवस्था जिर्ण बनेपछि स्थानीयवासीले क्षेत्रीय सभासद्‌लाई सडकको जीर्णद्वार गरी दिने गुहार लगाउँदै आए तापनि यसबारे कुनै पहल नभएको र स्थानीय बासिन्दाहरूले हाम्रो पार्टीका संस्थापक अध्यक्ष अजय एडवाडर्स समक्ष गुहार लगाउदा सडकको जीर्णद्वार कार्य गरी दिएको हाम्रो पार्टी समष्टि अध्यक्ष संजय लामाले बताउनु भएको छ।

****** ० ******

ओकेटी चिया रोपाई

पर्यावरणको संरक्षणसँगैँ रोजगारको माध्यमलाई यथावत राख्ने उद्देश्यसहित ओकेटी चियाबारी अन्तर्गतका पंचायत सदस्यहरुको साहुमिक अगुवाईमा आज  चियाको बिरुवा रोप्ने कार्य सम्पन्न भयो। ओकेटी चियाबारीको नौ नम्बर गाउँ, बिच गाउँ, गोदामधुरा, सात माइल आदि क्षेत्रका मानिसहरुको उपस्थितिबिच सम्पन्न भएको कार्यक्रममा चियाबगानको सात अनि आठ नम्बर क्षेत्रका खाली स्थानहरुमा लगभग पाँच सयभन्दा धेर चियाको बोट रोपिएको जानकारी प्राप्त भएको छ। यस अवसरमा चियाबगानका मालिक पक्ष, मुल प्रबन्धक पंकज चौबे, पिजिएसडी एक ग्राम पंचायत प्रधान स्वेच्छा तामाङ, निर्वाचित पंचायत सदस्यहरु संगित राई, दिव्य तामाङ, सुरेश तामाङ, सपन भण्डारी अनि चियाबारीका स्टाफहरुको उपस्थिति रहेको थियो।

****** ० ******

धैयाबारी सम्बर्धना

तीनधारे महानदी समष्टिको धैयाबारीमा भूतपूर्व सैनिकहरूको संगठन कारगिल एनजीओको आयोजनामा मेधावी विद्यार्थीहरूलाई सम्बर्धुदना जनाइएको छ। यस अवसरमा धैयाबारी क्षेत्रका सातजना मेधावी विद्यार्थीहरूलाई सम्बर्धुदना जनाइएको छ। जसमा अम्वेषा तामाङ, शेरवानी छेत्री, अदिती छेत्री, विवशना थापा, यलम राई, आयुस राई अनि निर्भय प्रधान रहेका छन्। उनीहरूलाई खदार्पणसहित स्मृति चिन्ह र प्रमाणपत्र प्रदान गरेर सम्बर्धुदना जनाइएको छ।

****** ० ******

कालचिनी हात्तीको आक्रामण

कालचिनी खण्डको वर्नाबारी चियाबारीमा जंगली हात्तीले एकजना ६५ वर्षीय वृद्ध महिलाको ज्यान लिएको छ। घटनापछि चियाबारी  क्षेत्रका मानिसहरू आतंकित  भएका छन्। सूत्र अनुसार आज बिहान वृद्धा दिशा-पिसाब गर्नको निम्ति घरदेखि बाहिर गएकी थिइन। सोही समय उनीमाथि हात्तीले आक्रमण गरेपछि वृद्ध गम्भीर रूपमा घाइते भएकी थिइन्। त्यसपछि घाइते वृद्धालाई लताबाड़ी ग्रामीण अस्पतालमा पुर्‍याइयो तर उनको अवस्था गम्भीर भएको काराण अलिपुरद्वार जिल्ला अस्पतालमा लागिएको थियो। अलिपुरद्वार जिल्ला अस्पतालमा उपचारको क्रममा वृद्धाको मृत्यु भएको जानकारी प्राप्त भएको छ।

****** ० ******

बीएसएफ-अफगानी पक्राउ

कुचबिहार जिल्लामा भारत-बांग्लादेश सीमामा तैनाथ उत्तर बंगाल फ्रंटियरको जलपाईगुडी सेक्टर अंतर्गत सीमा सुरक्षा बल (बीएसएफ)-को बर्डर आउट पोस्टका सतर्क सीमा जवानहरुले एकजना अफगानी नागरिकलाई पक्राउ गरेको छ। बीएसएफले आज एउटा प्रेस विज्ञप्ति मार्फत यो जानकारी दिएको हो। प्राप्त जानकारी अनुसार, बीएसएफले अफगानी नागरिकलाई अवैध रूपले बांग्लादेशदेखि भारत सीमा पार गर्ने कोशिश गरिरहेको समय पक्राउ गरेको हो। पक्राउ गरिएका अफगानी नागरिकसित सोधपुछ पछि बीएसएफले अघिको कार्यवाहीको लागि कुचलीबाड़ी थानालाई सुम्पिदिएको छ।

****** ० ******

आईएमडी मौसम-शब्द

मौसम विभागले पूर्वी अनि मध्य भारतमा  आगामी चार दिनसम्म भीषण गर्मी जारी रहने अनुमान व्यक्त गरेको छ। पश्चिम बंगाल, उत्तरप्रदेश, मध्यप्रदेश, झारखण्ड, बिहार, ओडिशा, पंजाब अनि हरियाणाका केही भागहरुमा १२ जून सम्म भीषण गर्मी रहने मौसम विभागले बताएको छ। मौसम विभागले उप-हिमालय पश्चिम बंगाल, सिक्किम, अरुणाचल प्रदेश, असम,

मेघालय, नागालैंड, मणिपुर, मिजोरम अनि त्रिपुरा मा आगामी ७ दिनसम्म गरजन साथ, हल्का देखि मध्यम वर्षा हुन सक्ने तथा ४० किलोमीटर प्रति घंटाको गतिले हावा चल्न सक्ने अनुमान पनि व्यक्त गरेको छ। दक्षिण-पश्चिम मानसून आज मध्य अरब सागरको शेष भागहरु, उत्तरी अरब सागरका केही भागहरु अनि मुंबई सहित महाराष्ट्रमा अघि बढ़ेको छ। मौसम विभागले भोलि सम्ममा दक्षिण कोंकण, गोवा, दक्षिण मध्य महाराष्ट्र, तटीय अनि उत्तरी कर्नाटकमा विभिन्न स्थानहरुमा भारी वर्षा हुने पूर्वानुमान पनि व्यक्त गरेको छ।

****** ० ******

<u>पुस्तक लोकार्पण</u>

खरसाङ्की कथाकार छिमी अङ्मु लामाकृत कथा सङ्ग्रह एक मुक्त मुनालश्को दोस्रो संस्करणको आज सालबारीस्थित एक क्याफेमा विभिन्न साहित्यिक स्रष्टा एवम् साहित्य अनुरागीहरूको उपस्थितिमाझ लोकार्पण गरियो। उपस्थित अतिथिहरूको बाहुलीबाट लोकार्पित पुस्तकबारे आख्यानकार छुदेन काविमोले कथा सङ्ग्रह एक मुक्त मुनालका पात्र-पात्रा, विषय वस्तु आदिबारे आफ्नो मन्तव्य राख्नु भएको थियो। कथाकार छिमी अङमु लामाले कथाको पृष्ठभूमि अनि आफ्नो लेखनबारे मन्तव्य राख्नु भयो। वरिष्ठ साहित्यकार मोहन ठकुरीले पुस्तक लोकार्पित भएको घोषणा गर्नु भयो। यसरी नै प्रकाशकको पक्षबाट सञ्जीव छेत्रीले पुस्तकको दोस्रो संस्करणबारे प्रकाश पर्नु भयो।

****** ० ******

<u>स्वास्थ्य जाच शिविर</u>

गैर सरकारी संस्था आई लभ मिरिक अनि गुड हेल्थ फार्मेसीको तत्वधानमा आज मिरिक कृष्णनगर क्लबमा निशुल्क स्वास्थ्य शिविर आयोजना गर्यो। शिविरमा मिरिक क्षेत्रका धेरै बिरामीहरूले निशुल्क स्वास्थ जाँच गराए भने उनीहरूलाई चिकित्सकको परामर्शमा निशुल्क औषधि पनि वितरण गरियो। आई लभ मिरिकका अध्यक्ष उज्वल साङपाङ, संस्थापक आशिष् तामाङ अनि मिरिक गुड हेल्थ फार्मेसीका अर्पण तामाङले आफ्नै ठाँउमा रोगीहरूलाई स्वास्थ सेवा उपलब्ध गराँउने उदेश्यले स्वास्थ जाँच शिविरको आयोजना गरिएको बताएका छन्।

****** ० ******

************